मिति २०७८।०७।३० गते बसेको गाउँकार्यपालिका बैठकको निर्णयहरु :-

निर्णय नं १. प्रस्ताव नं १ माथि छलफल गर्दा सामुदायिक रेडियो मार्फत सूचना प्रवाह तथा कार्यक्रम संचालन शिर्षकको रु २ लाख देहाय बमोजिम बाँडफाँड गरियो ।

रेडियो रामपुर रु ७५ हजार,
रेडियो दर्पण रु ५० हजार
रेडियो मदन पोखरा रु ५० हजार
पृथ्वी TV रु २५ हजार

निर्णय नं. २. प्रस्ताव नं २ माथि छलफल गर्दा आर्थिक सहायता कार्यविधि २०७८, नगर प्रहरी व्यवस्थापन कार्यविधि २०७८, जलस्रोत उपयोग तथा सरसफाई व्यवस्थापन सम्बन्धी कार्यविधि २०७८ पारित गरियो ।

निर्णय नं. ३. प्रस्ताव नं ३ माथि छलफल गर्दा निस्दी गाउँपालिकाको विभिन्न आईसोलेसन सेन्टरमा वसेका कोभिड-१९ का विरामीलाई प्रति दिन रु ३०० का दरले रकम उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ४. प्रस्ताव नं ४ माथि छलफल गर्दा निस्दी गाउँपालिकाको वार्षिक खरिद योजना २०७८ पारित गरियो ।

निर्णय नं. ५. प्रस्ताव नं ५ माथि छलफल गर्दा निस्दी गाउँपालिकाको वार्षिक स्वीकृत बजेटबाट संचालन हुने साविक वडा स्तरिय भलिवल खेल २०७८ मंसिर महिनामा र वडा स्तरिय भलिवल २०७८/०९/१५ भित्र सम्पन्न गर्ने निर्णय गरियो । पुर्वखोला गाउँपालिकाको मण्डली स्पोर्टस् क्लवद्वारा संचालित भलिवल खेलमा निस्दी गाउँपालिकाको तर्फबाट सहभागी टिमलाई खेलकुद तथा मनोरञ्जन शिर्षकको विविधबाट रु ६००००।– सहयोग गर्ने निर्णय गरियो ।

निर्णय नं. ६. प्रस्ताव नं ६ माथि छलफल गर्दा पशु सेवा तथा कृषि शाखा अन्तरगत पशु, पंक्षी तथा मत्स्य तथाङ्क संकलन गर्ने निर्णय गरियो साथै प्रति घर फारम बराबर रु २० संघीय सशर्त अनुदानबाट प्रदान गर्ने निर्णय गरियो । तरकारी वालिको साना संख्या व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम रु १२ लाख साथै पकेट विकास कार्यक्रम ७५ प्रतिशत अनुदान रु १४ लाख मागको आधारमा गर्ने निर्णय गरियो ।

निर्णय नं. ७. प्रस्ताव नं ७ माथि छलफल गर्दा राष्ट्रिय परिचयपत्र वितरणको लागि जिल्ला प्रशासन कार्यालय पाल्पा बाट आएको टोलीको खाजा खाना तथा वास खर्च वडा नं. १,२,६ र ७ को भुक्तानी विल भर्पाईको आधारमा विविध खर्च शिर्षकबाट दिने निर्णय गरियो ।

निस्दी गाउँ पालिका, पाल्पा

राजु नेपाल
प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner

निर्णय नं. ८. प्रस्ताव नं ८ माथि छलफल गर्दा महालेखा परिक्षकको प्रतिवेदन माथि छलफल मिति २०७८/०५/०८ गते गर्ने निर्णय गरियो ।घाट बाहेकका अन्य ठाउँबाट निस्कीएको ढुङ्गागिट्टी बालुवाको रोयल्टी वडा कार्यालयबाट काट्ने निर्णय गरियो ।

निस्दी गाउँ पालिका, पाल्पा

राजु
प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner